# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८२/०८३
चलानी नम्बर : २९८०

मितिः २०८३/०१/१६

ने.सं. ११४६, बछलाथ्व,वैशाख शुक्ल त्रयोदशी

विषयः उपचारात्मक कक्षा सञ्चालन गर्ने/गराउने सम्बन्धमा ।

श्री कक्षा ४ देखि माथिका कक्षा सञ्चालित सामुदायिक विद्यालयहरू सबै,
मालारानी गाउँपालिका, अर्घाखाँची ।

उपर्युक्त सम्बन्धमा विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत आ.व.२०८२/८३ को विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनको लागि शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षाको नतिजाको आधारमा कक्षा ४-८ मा अध्ययनरत विद्यार्थीहरूमध्ये अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरू पहिचान गरी मिति २०८३/०१/२१ गतेदेखि विहान वा बेलुकाको अतिरिक्त समयमा तोकिएको कुल कार्यघण्टा ( ६० मिनेटको १ कार्यघण्टा) सम्म तपसिल बमोजिम उपचारात्मक कक्षा सञ्चालन गर्नु/गराउनुहुन अनुरोध छ ।

तपसिलः

१) कक्षा १-५ मात्र सञ्चालित विद्यालयले कक्षा ४-५ मा अध्ययनरत अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई समावेश गरी १ समूहलाई १ घण्टाको समयमा दैनिक १ वटा उपचारात्मक कक्षा कम्तीमा ३० कार्यघण्टा पुर्याउँदासम्म सञ्चालन गर्ने ।

२) कक्षा १-८ मात्र सञ्चालित विद्यालयले कक्षा ४-५ मा अध्ययनरत अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीलाई समावेश गरी १ वटा समूह र कक्षा ६-८ मा अध्ययनरत 'अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीलाई समावेश गरी अर्को १ वटा समूह निर्माण गरी प्रत्येक समूहलाई १ घण्टा अवधिको दैनिक १ वटा उपचारात्मक कक्षालाई प्रति समूह कम्तीमा ३० कार्यघण्टा गरी २ वटा समूहको कुलजम्मा कार्यघण्टा ६० पुर्याउँदासम्म सञ्चालन गर्ने ।

३) कक्षा १-१० वा १-१२ सञ्चालित विद्यालयले कक्षा ४-५ मा अध्ययनरत अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरूलाई समावेश गरी १ समूह निर्माण गर्ने र कक्षा ६-८ मा अध्ययनरत अति कमजोर सिकाइ क्षमता भएका विद्यार्थीलाई समावेश गरी २ वटा समूह निर्माण गरी प्रत्येक समूहलाई १ घण्टा अवधिको दैनिक १ वटा उपचारात्मक कक्षालाई प्रति समूह कम्तीमा ३० कार्यघण्टा गरी ३ वटा समूहको कुलजम्मा कार्यघण्टा ९० पुर्याउँदासम्म सञ्चालन गर्ने ।

४) बजेट तथा भुक्तानीको लागि समयसिमा र ल्याउनुपर्ने/बुझाउनुपर्ने कागजातहरूः
उपचारात्मक शिक्षण गर्ने शिक्षकको खाना खर्चको दर- प्रति समूह प्रति कक्षा रू. २३४/- हुनेछ । मिति २०८३ साल असार ५ गतेभित्र उपचारात्मक कक्षामा सहभागी शिक्षक तथा विद्यार्थीहरुको हाजिरी विवरण,उपचारात्मक कक्षा सञ्चालन भैरहेको अवस्थाको रंगीन फोटो,कक्षा सञ्चालनपूर्व र कक्षा सञ्चालन पश्चात् विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएको परिवर्तनको संक्षिप्त प्रतिवेदन र विद्यालयको नाममा खाना खर्चको PAN बिल, भुक्तानी मागको विद्यालयको पत्र ।

०८३/१/१६
रमेश पन्थी
नि.प्रमुख प्रशासकीय अधिकृत